# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

शिक्षा शाखा

प्रदेश नं. २, नेपाल

प.सं.:- ०७५/०७६

चलानी नं.

मिति :- २०७५/१२/२५

# हार्दिक अपिल

विद्यार्थी भर्नाको क्रममा विद्यालयहरुले अभिभावकहरुलाई विभिन्न प्रलोभन देखाएको हुँदा आम अभिभावकहरुमा अन्योलता कायम भएको जन-गुनासो रहेकोले नगर शिक्षा समितिको निर्णयानुसार निम्न बमोजिम गर्न गराउन सम्बन्धित सबैलाई अनुरोध छ।

१. नेपाल सरकारबाट अनुमति प्राप्त विद्यालयमा मात्र विद्यार्थी भर्ना गराउनुहोस् । अन्यथा तपाईको बच्चाको शैक्षिक प्रमाण-पत्र अवैध हुनेछ।

२. निजी विद्यालयहरुले आफूले प्राप्त गरेको कक्षा सञ्चालन अनुमति अनुसार मात्र भर्ना गराउनुहोला । अन्यथा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

३. निजी विद्यालय शूल्क निर्धारण मापदण्ड अनुसार शूल्क लिई दिनुहोला । अनावश्यक शूल्क लिइएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।

४. यस नगरभरिका कोही पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने हाम्रो चाहनालाई कार्यान्वयन गर्नको लागि नगर भरिका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले हाम्रो नगर, हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालयमा पुर्‍याऔं ।" भन्ने नारालाई मूर्तरुप दिन सम्पूर्ण शैक्षिक सरोकारवालाहरु आ-आफ्नो ठाउँबाट सहयोग गरी दिनुहोला।

५. यस नगर भित्रका सक्षम सामुदायिक विद्यालयहरुले प्रारम्भिक बालविकासदेखि अंग्रेजी माध्यमबाट पठन-पाठन सुरु गरेमा प्रोत्साहित गरिनेछ।

६. विद्यार्थी भर्ना अभियान २०७६ वैशाख मसान्तसम्म मात्र कायम गरिएको छ । विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको सक्कल प्रमाण पत्र पेश गर्नु पर्नेछ।
प्रारम्भिक कक्षामा भर्ना हुनको लागि जन्मदर्ता, कक्षा ६ मा भर्ना हुन कक्षा ५ को परीक्षा उर्त्तीण भएको प्रमाण पत्र, कक्षा ९ मा भर्ना हुन आधारभूत शिक्षा कक्षा ८ उर्त्तीण प्रमाण पत्र र अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले प्रदान गरेको लब्धाङ्क पत्र र स्थानान्तरण प्रमाण पत्र अनिवार्य रुपले पेश गर्नुपर्ने छ। अन्यथा पाइएमा नियमानुसार कारबाही गरिनेछ।

७. विद्यालयले शैक्षिक सत्रको बीचमा वा वार्षिक परीक्षा उर्त्तीण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाण पत्र लिई आएपनि अध्ययनरत कक्षा भन्दा माथिल्लो कक्षामा भर्ना गर्न पाइने छैन।

८. निशुल्क शिक्षा प्रयोजनको लागि विद्यालयले अभिभावकको नाम ठेगाना, अचल सम्पत्ति र अनुमानित आम्दानी सम्बन्धि विवरण विद्यार्थी भर्नाकै क्रममा माग गर्नु पर्नेछ।

९. निजी रुपमा अध्ययन गर्नेका विद्यार्थीलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा कक्षा ८ सम्मको वार्पिक परीक्षामा सामेल हुन आवश्यक व्यवस्था गर्न सकिनेछ।

१०. विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नु पर्ने छैन र संस्थागत विद्यालयले भर्ना वापत सोही विद्यार्थीसँग वर्षेनी शूल्क लिन पाइने छैन।

शाखा अधिकृत

# मिथिला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
शिक्षा शाखा
प्रदेश नं. २, नेपाल

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा ढल्केवर, धनुषा प्रदेश नं. २, नेपाल

प.सं.:- ०७५/०७६

चलानी नं. मिति :- २०७५/१२/२५

क्रमशः

यस नगरभित्र अनुमति प्राप्त संस्थागत विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम ठेगाना | अनुमति प्राप्त कक्षा | प्रस्ताविक कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | विनायक ई.मा.वि. ढल्केवर | नर्सरी - १२ | | |
| २. | चिल्ड्रेन्स् गार्डेन ई.मा.वि. ढल्केवर | नर्सरी - १२ | | |
| ३. | लालगढ नमुना विद्या सदन लालगढ | नर्सरी - १२ | | |
| ४. | न्यू होराइजन ई.मा.वि. वेंगाडावर | नर्सरी - १० | | |
| ५. | सन् फ्लावर ई.मा.वि. वेंगाडावर | नर्सरी - १० | | |
| ६. | जनक इन्टरनेशनल एकेडेमी ढल्केवर | नर्सरी - ७ | कक्षा ८ | |
| ७. | न्यू दुर्गा नेशनल एकेडेमी नक्टाझिज | नर्सरी - ५ | | |
| ८. | नव क्षितिज ई.बो.स्कूल वेंगाडावर-७ | नर्सरी - ४ | कक्षा ५ | |
| ९. | ढल्केवर एकेडेमी ढल्केवर | नर्सरी - ४ | कक्षा ५ | |
| १०. | ज्ञानभूमि ई.बो.स्कूल जमुनिवास | नर्सरी - ४ | कक्षा ५ | |
| ११. | प्यूस शिक्षा सदन पुष्पवलपुर | नर्सरी - ४ | कक्षा ५ | |
| १२. | मिथिला शिक्षा सदन ढल्केवर | नर्सरी - २ | कक्षा ३ | |
| १३. | ओएसिस एकेडेमी जंमुनिवास | नर्सरी - २ | कक्षा ३ | |
| १४. | राम जानकी विद्याश्रम नक्टाझिज | नर्सरी - ६ | कक्षा ७ | |
| १५. | जेनियल ई. बो.स्कूल तुलसीचौडा | नर्सरी - २ | कक्षा ३ | |
| १६. | नव दुर्गा ई.बो.स्कूल हरिहरपुर | नर्सरी - १ | | |
| १७. | होली गार्डेन ई.बो.स्कूल तुलसी | नर्सरी - १ | | |
| १८. | अरनिको ई.बो.स्कूल हरिहरपुर | बालविकास | | |

सीता कुमारी काफ्ले
शिक्षा अधिकृत